"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र सञ्चार: समुन्नत तिलागुफाको लागि सक्षम स्थानीय सरकार"

# तिलागुफा नगरपालिका
(Tilagupha Municipality)

# नगर कार्यपालिकाको कार्यालय
(Office Of The Municipal Executive)

## शिक्षा युवा तथा खेलकुद शाखा
(Section of Youth, Sports and Education)

## गाल्जे,कालीकोट
(Galje, Kalikot)

कर्णाली प्रदेश,नेपाल
(Karnali Province, Nepal)

पत्र संख्या / (Ref No):-२०८१/०८२
चलानी न /(Dispatch No):- २२६

मिति २०८१।०६।०१
(ने.सं.११४४,अंलाध्व ४,मंगलबार)

श्री बाल विकास केन्द्र,सामुदायिक सिकाइ केन्द्र तथा सामुदायिक विद्यालयहरु सबै ।
तिलागुफा नगरपालिका, कालिकोट ।

विषय: प्रथम त्रैमासिक निकासा माग फाराम पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत सञ्चालित बाल विकास केन्द्र, सामुदायिक सिकाइ केन्द्र तथा सामुदायिक विद्यालयहरु सबैले चालु आर्थिक वर्ष २०८१/ ८२ अन्तर्गत प्रथम त्रैमासिक निकासा माग फाराम देहाय अनुसार मिति २०८१ साल असोज ०६ गते भित्र अनिवार्यरुपमा यस कार्यालयमा पेश गर्न हुन निर्देशनकासाथ अनुरोध छ ।

देहाय:

१. निकास माग फाराम पेश गर्दा श्रावण देखि असोज महिना सम्मको पेश गर्नु पर्नेछ र थप १ महिनाको चाडपर्व खर्च समेतको माग फाराम पेश गर्नुपर्नेछ ।

२. माग फाराम पेश गर्दा आधारभूत तह कक्षा १-८ को छुट्टै, मावि तह कक्षा ९-१२ को छुट्टै, माध्यमिक तह कक्षा ९ र १० को अंग्रेजी, गणित र विज्ञान विषयको शिक्षण सहयोग अनुदानको छुट्टै, आधारभूत तह कक्षा ६-८ को अग्रेजी, गणित र विज्ञान विषयको शिक्षण सहयोग अनुदानको छुट्टै, बाल विकास केन्द्रको छुट्टै, कार्यालय सहयोगीको छुट्टै, विद्यालय सहायक कर्मचारीको छुट्टै र निजी स्रोत अनुदानको छुट्टै पेश गर्नु पर्नेछ।

३. माग फारामसँग अघिल्लो त्रैमासिकको सामाजिक सुरक्षा करकट्टी र आय करकट्टी अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

४. नयाँ नियुक्ति भएको हकमा अनिवार्यरुपमा नियुक्ति पत्र र हाजिरी भएको मिति उल्लेख गरी कति दिन बराबरको रकम माग गर्न खोजिएको हो सो स्पष्टरुपमा उल्लेख गरेको हुनुपर्नेछ ।

५. सरुवा भई जाने र आउनेको हकमा अनिवार्यरुपमा रमाना पत्र संलग्न राखी दिन समेत खुलाई रकम माग गर्नुपर्नेछ ।

६. माग फारामसँग अनिवार्यरुपमा प्रमाणित हाजिरीको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

२०८१/०६/०१

" कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र सञ्चारः समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका
## (Tilagupha Municipality)
# नगर कार्यपालिकाको कार्यालय
## (Office Of The Municipal Executive)
## शिक्षा युवा तथा खेलकुद शाखा
## (Section of Youth, Sports and Education)
### गाल्जे,कालीकोट
### (Galje, Kalikot)

कर्णाली प्रदेश,नेपाल
(Karnali Province, Nepal)

पत्र संख्या / (Ref No):-२०८१/०८२
चलानी न /(Dispatch No):-

७. माग फारामसँग सम्बन्धित सम्पूर्ण कागाजातहरु अनिवार्यरुपमा तोकिएको अधिकारी वा अधिकार प्राप्त व्यक्तिद्धारा प्रमाणित गरिएको हुनुपर्नेछ ।

८. रकम माग गर्दा सही र स्पष्टरुपमा रकम माग गरिएको हुनुपर्नेछ ।विधालयको कारणले हिसाब नमिली रकम छुट हुन गएमा पछिल्ला त्रैमासिकमा छुट रकम दिन कार्यालय बाध्य हुनेछैन ।

९. निजी स्रोत अनुदान बापतको रकम माग गर्दा सम्बन्धित उम्मेदवारलाई माध्यमिक तहमा नियुक्ती दिएको हो वा आधारभूत तहमा नियुक्ती दिएको हो सो स्पष्टरुपमा खुल्ने गरी प्रत्येक शिक्षकको नियुक्ती पत्र समेत माग फारामसँग संलगन्न राख्नुपर्नेछ। अन्यथा कार्यालय रकम निकास गर्न बाध्य हुनेछैन ।

१०. तोकिएको मिति भित्र माग फाराम पेश नगरी निकासा नभएमा कार्यालय जिम्मेवार नहुने व्यहोरा समेत अवगत गराइन्छ ।

११. सामुदायिक सिकाइ केन्द्रहरुले समेत अनिवार्यरुपमा माग फाराम र प्रमाणित हाजिरी प्रतिलिपि पेश गर्नुपर्नेछ ।

२०८१/०५/०१

लिलाराज बम
शिक्षा अधिकृत (छैठौं)